सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ६ अङ्क ३९ असार ०१ आईतबार

# संस्कृति, पहिचान र जिम्मेवारीको प्रतीक

भूमे पर्व केवल एक चाड होइन—यो आदिवासी जनजीवनको आत्मा हो। यो पर्व प्रकृतिप्रेम, पुर्खापूजा र सामूहिक चेतनाको संगम हो, जुन विशेषतः रोल्पा र रुकुमपूर्वका मगर समुदायबीच मनाइन्छ। पुर्खाहरूको सम्मान र प्रकृतिप्रतिको कृतज्ञता व्यक्त गर्ने यस पर्वले आज पनि गहिरो सांस्कृतिक अर्थ बोकेको छ। यसै मौलिक चिनारीलाई आत्मसात गर्दै रुकुमपूर्वको भूमे गाउँपालिकाले आफ्नो नामाकरण भूमे पर्वको नामबाट गऱ्यो, जुन केवल एक प्रशासनिक निर्णय होइन—संस्कृतिप्रतिको सम्मान हो।

गाउँपालिकाले संस्कार र संस्कृति जोगाउन लिएको अग्रसरता सराहनीय छ। विद्यालय पाठ्यक्रममा स्थानीय विषय समावेश गर्नु होस् वा पर्व अवसरमा सार्वजनिक र सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्नु यी सबैले सांस्कृतिक जरा बलियो पारिरहेका छन्। भूमे पर्व मात्र होइन, नेपालका थुप्रै मौलिक चाडपर्व राज्यको ध्यान नपुग्दा हराउने स्थितिमा पुगेका छन्। यस्तो अवस्थामा भूमे गाउँपालिकाको सक्रियता उदाहरणीय मात्र होइन, अनुकरणीय पनि हो।

आजको दिन केवल उत्सव मनाउने अवसर होइन—हाम्रो सांस्कृतिक दायित्व सम्झिने समय हो। संस्कृति जोगाउनु भनेको केवल जातीय पहिचान बचाउनु होइन, सामाजिक समरसता, आत्मसम्मान र अन्तःसम्बन्धको रक्षा गर्नु हो। भूमे पर्वले दिने मूल सन्देश—प्रकृतिप्रतिको आस्था, पूर्वजप्रतिको कृतज्ञता र समुदायबीचको एकता—आजको समयमै झनै सान्दर्भिक बनेको छ। आधुनिकताको अन्धो दौडमा हाम्रा जरा हराउँदै गएका बेला यस्ता पर्वहरूले हामीलाई फेरि हाम्रो मौलिकता सम्झाउँछन्।

बहुल सांस्कृतिक संरचना भएको मुलुकमा हरेक संस्कृति, चाडपर्व र परम्पराको समान सम्मान सुनिश्चित गर्नु राज्यको जिम्मेवारी हो। यदि यस्ता मौलिक पर्वहरूको अर्थ, आत्मा र सार नबुझिने हो भने हाम्रो सामाजिक विविधता कागजी दस्तावेजमा मात्र सीमित हुनेछ। आज हामी सबैले आत्मसमीक्षा गर्न जरुरी छ—के हामी साँच्चै आफ्ना जरा जोगाउन लागिपरेका छौं ? भूमे पर्वको पावन अवसरमा मगर समुदायसहित सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गर्दै हामी यो आशा गर्छौं—हाम्रा संस्कृति, चाडपर्व र परम्पराहरू भाषणको विषय होइन, व्यवहारको अभ्यास बनून्। भूमे पर्व हामीलाई प्रकृति, परम्परा र पहिचानको सन्तुलन सिकाउने प्रेरणाको स्रोत बनिरहोस्



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# लसुन खेतीले बद्लिदै चुनबाङको आर्थिक मुहार



❖ *बालाराम शेर्पाली*

रुकुमपूर्वको हिमाली बस्ती चुनबाङका कृषकहरूले आफ्नो जीवनशैली र सोचमा अभूतपूर्व परिवर्तन ल्याएका छन्। परम्परागत मकै, गहुँ र आलु खेती त्यागेर उनीहरू अहिले नगदे बाली लसुन खेतीतर्फ उन्मुख हुन थलेका छन्। जसको प्रतिफल आर्थिक रूपान्तरण सुरु भएको छ। भूमे गाउँपालिका–९ स्थित चुनबाङमा हाल १ सय ७० घरधुरी भन्दा बढी कर्षक व्यावसायिक लसुन खेती गरिरहेका छन्। गत वर्षको उत्पादन विवरणअनुसार ९६ हजार ९ सय ८५ किलो लसुन उत्पादन भएको छ। प्रतिकिलो १ सय १० रुँपैया देखि १ सय २५ रुपैयाँमा बिक्री हुँदा कूल आम्दानी १ करोड १६ लाख ३८ हजार रुपैयाँ पुगेको एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलले जानकारी दिनु भएको छ। गाउँमा अब लसुन रोप्न थालेपछि कमाइको ढोका खुलेको अनुभूति भएको वडाध्यक्ष विनोद बुढा मगर बताउनुभयो उहाँले आफु निर्वाचित भएयता खेतीलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो।

चुन्वाङमा अहिले लसुनले आत्मनिर्भरताको सम्भावना देखाएको छ।

चुनवाङका अधिकांश किसान पहिलेसम्म मकै, गहुँ,आलु र कोदोमै सीमित थिए। तर पछिल्लो ४ वर्षयता लसुनले ती परम्परागत बालीलाई विस्थापित गर्न थालेको छ। उपज पनि राम्रो हुने, बिक्री पनि



सजिलो हुने र आम्दानी तुलनात्मक रूपमा धेरै हुने भएपछि किसानहरू लसुनतर्फ आकर्षित भएको वडाध्यक्ष बुढाले बताउनुभयो।

भूमे – ९ सिमचौरका कृषक जितबहादुर पुन मगर आठ मुरी मकै फल्ने खेतमा अहिले १५ क्विन्टल लसुन फलाउँछन् "पहिले मकैले घर खान पनि धान्दैनथ्यो," उनी भन्छन् तर अहिले ६ महिनाको सममा १५ सय किलो लसुन बेचेर १ लाख ८० रुपैयाँभन्दा बढी कमाएको बताए।

त्यस्तै, दीपा पुन मगरले घरपछाडिको खेतमा लसुन लगाएर १० क्विन्टल उत्पादन गरिन्।१ लाख २० हजार रुपैयाँ कमाएका छन्।लसुनले मेहनत अनुसारै फल दिन्छ, अनि घरमै व्यापारी आइपुग्छन्, पहिलेको भन्दा अहिले जिविको पार्जनमा सहज भएको आम्दानी भयो, उनले सुनाइन्, "पहिले आलु र मकै रोप्थें, तर आम्दानी नहुने भएपछि लसुन खेती रोजें।यसले अबको बाटो देखाएको छ।अर्का कृर्षक दलप्रसाद पुन मगरले ८ क्विन्टल उत्पादनबाट करिब १ लाख रुपैयाँ कमाएको बताएका छन्।"लसुनले मेहनत अनुसारै फल दिन्छ, अनि बजारमै व्यापारी आइपुग्छन्,"उनले भने।

कृषकहरूका अनुसार लसुन बिक्री गर्न उनीहरूलाई बजारसम्म जानै पर्दैन।

व्यापारीहरू आफैं गाउँमा पुग्छन् र खेतमै मूल्य निर्धारण हुन्छ।यस वर्ष पनि लसुन प्रतिकिलो १ सय १० देखि १ सय २५ रुपैयाँसम्ममा बिक्री भएको छ।

कृषकलाई उत्साहित बनाउन गाउँपालिकाले ५० प्रतिशत लसुनको बिउ वितरण गरेर अब भण्डारण र लामो समयसम्म मूल्य कायम राख्ने प्रणालीको तयारी समेत गरिएको कृषि प्राविधिक विशाल पुनमगरले बताउनुभयो।

चुनबाङको यो सफलतामा स्थानीय सरकारको नीति र कार्यक्रमहरू निर्णायक सावित भएका छन्।भूमे गाउँपालिकाले बिउ अनुदान, मल, सिँचाइ सुविधा, प्रविधिमूलक तालिम र प्राविधिक सहयोगमार्फत लसुन खेतीलाई टेवा दिएको छ।गाउँपालिकाले आगामी वर्ष लसुन खेती विस्तार गर्न सिँचाइको पहुँच बढाउने, ढुवानीका लागि यातायात सहजीकरण गर्ने र कृषकहरूलाई थप तालिम दिने योजना बनाएको छ।

लसुन उत्पादनमा देखिएको प्रगति र त्यसले ल्याएको आम्दानीको परिमाण हेर्दा अब चुनबाङलाई 'लसुन गाउँ' भनेर चिनाउने आधार निर्माण हुँदै गएको छ।बजारसँग प्रत्येक्ष पहुँच, सरकारी सहयोग, किसानको सीप र परिश्रम यसका आधार हुन सक्छ।

भूमे साप्ताहिक
समाचार ४
वर्ष ६ अङ्क ३९ २०८२ असार ०१
आईतबार

# विपद् पूर्वतयारीको बैठक भूमेमा सम्पन्न



❖ *साप्ताहिक संवाददाता*

मनसुन सक्रिय भएसँगै रुकुमपूर्वको भूमे गाउँपालिकामा संभावित प्राकृतिक विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ। शुक्रबार गाउँपालिकाको केन्द्र खाबाङबगरमा सम्पन्न बैठकले विपद् पूर्वतयारी, तत्कालीन उद्धार, राहत तथा समन्वयका लागि कार्ययोजना तयार गरेको हो। बैठक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेको अध्यक्षतामा बसेको थियो। बैठकमा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठ, भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ,उपाध्यक्ष सबिना बुढामगर, नौवटै वडाका अध्यक्षहरू, जिल्लाका सम्पूर्ण कार्यालय प्रमुख, सुरक्षा निकायका प्रमुखहरू, स्वास्थ्यकर्मी, तथा शाखागत प्रमुखहरूको उपस्थिती थियो।

बैठकले प्रत्येक वडामा वडाध्यक्षहरूलाई फोकल पर्सन तोकेर विपद्को अवस्थामा तत्काल समन्वय गर्न जिम्मेवारी तोकेको छ। साथै, स्वास्थ्यकर्मीलाई प्राथमिक उपचारका लागि तयारी अवस्थामा राखिने निर्णय गरिएको छ। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले जोखिम न्यूनीकरण र तात्कालिक राहत संयन्त्रका लागि स्थानीय संरचनालाई सक्रिय बनाइने बताउनु भएको छ।

हरेक वडामा सूचनाको चाँडो पहुँच, उद्धार र राहत तत्काल पुग्ने सुनिश्चितता गर्न गाउँपालिका तयार रहेको बताउनुभएको छ।

जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले विपद् व्यवस्थापनमा समन्वय, स्पष्ट भूमिका र तत्काल क्रियाशीलता आवश्यक हुने बताउनुभयो। उहाँले “कागजी योजना होइन, व्यवहारमा लागू हुने संयन्त्र निर्माण नै अहिलेको आवश्यकता रहेको बताउनुभयो। विपद् व्यवस्थापनमा सबै निकायबीच समयमै समन्वय हुनुपर्नेमा जोड दिनुभएको छ।

रुकुमपूर्वको भूमे गाउँपालिका मात्रै नभएर अन्य दुई गाउँपालिका पनि विगत वर्षहरूमा विपद्का कारण जनधनको क्षति बेहोर्दै आएको क्षेत्रलाई लक्षित गर्दै समितिले जोखिमयुक्त बस्तीहरूको पहिचान, सूचना प्रवाह, उद्धार टोली परिचालन र राहत सामग्री व्यवस्थापनमा प्राथमिकता दिने भएको छ।

# लुकुममा झाँक्रीको काल्पनिक स्तम्भ नेपाली सेनाद्धारा स्थापना



❖ ***सासाहिक संवाददाता***

रुकुमपूर्वको भूमे गाउँपालिका –१ लुकुममा लोपोन्मुख अवस्थामा रहेको परम्परागत झाँक्री नाचको संरक्षण र प्रवर्द्धनका लागि काल्पनिक झाँक्रीको स्तम्भ निर्माण गरिएको छ। श्री १९ वाहिनी अड्डाको पहलमा स्थानीय स्रोतसाधन र सामुदायिक सहभागितामा तयार पारिएको छ।

लुकुम गाउँमा प्रत्येक वर्ष साउने संक्रान्तिपछि आउने पहिलो सोमबार र मंगलबार विशेष झाँक्री नाच गरिन्छ। गाउँको शान्ति, सुरक्षा र समृद्धिका लागि गरिने सामूहिक सांस्कृतिक अनुष्ठान रहेको स्थानीय बताएका छन्। गाउँमा अनिष्ट, रोगव्याधि, प्राकृतिक विपत्ति, झगडा, आगलागीजस्ता घटना घट्न नदिन

झाँक्री नाच्ने परम्परा बसालिएको वडाध्यक्ष मनकाजी पुनेले जानकारी दिए। झाँक्रीको दर्जनौ भन्दा बढी सङ्ख्या रहको लकुममा झाँक्री स्तम्भ



निर्माण श्री १९ वाहिनी अड्डा मातहतका श्री बर्द बहादुर गण, श्री बटुकदल गण, श्री ज्वालादल गण,श्री सिद्धिबक्स गण, श्री रनसिँहदल गण, श्री चण्डिदल गण, र श्री सूर्यदल गण को सहयोगमा निर्माण गरिएको श्री मध्य पश्चिम पृतना हेत क्वातरले जानकारी दिएको छ।

झाँक्री स्तम्भले स्थानीय परम्पराको प्रतिनिधित्व गर्ने चित्र, ढाँचाहरू, र सामग्री प्रयोग गरिएको छ। यसले पर्यटकलाई आकर्षित गर्ने तथा बालबालिका र नयाँ पुस्तालाई आफ्नै परम्पराप्रति गर्वको अनुभूति गराउने अपेक्षा समेत गरिएको बताईएको छ।

झाँक्री स्तम्भको समुद्घाटन श्री मध्य पश्चिम पृतना हेत क्वातर पृतनापति उपरथी श्री प्रेम बहादुर पुन द्वारा सम्पन्न गरिएको हो। कार्यक्रमलाई स्थानीय बासिन्दाहरूले परम्परागत भेषमा सहभागिता जनाउँदै स्वागत गरेका थिए।

उक्त समारोहमा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले संस्कृति जोगाउनु भनेको भूमे पहिचान



जोगाउनु हो। झाँक्री परम्परा हाम्रो मौलिकता हो। लुकुमको संस्कृतिको संरक्षणमा सेनाको सहकार्य प्रशंसनीय रहेको बताउनुभयो। अध्यक्ष श्रेष्ठका अनुसार गाउँपालिकाले आगामी वर्षहरूमा झाँक्री नाचसँग सम्बन्धित संग्रहालय, निर्माण बताउनुभएको छ। हरेक वर्ष नाचिने झाक्रीं नाचले संस्कृति पर्यटनसँग गासिएको छ। झाँक्री स्तम्भ निर्माणले लुकुमलाई धार्मिक–सांस्कृतिक गन्तव्य बनाउने आधार तयार पार्ने स्थानीयहरूको विश्वास छ। यसले आन्तरिक पर्यटक मात्र नभई अध्ययन अनुसन्धान गर्ने विद्वान र संस्कृति अन्वेषकलाई पनि आकर्षण गर्ने सम्भावना देखिएको छ।

भूमे साप्ताहिक
समाचार
७
वर्ष ६ अङ्क ३९ २०८२ असार ०१
आईतबार

# भूमे पर्व संरक्षणमा स्थानीय सरकारको अग्रसरता



❖ *सासाहिक संवाददाता*

रुकुमपूर्वको भूमे गाउँपालिकामा भूमेली समुदायको मौलिक पर्व भूमे (बल पूजा) उल्लासपूर्वक मनाउन थालिएको छ। यो पर्व परम्परा, पर्यावरणसँगको सम्बन्ध र सामूहिक आस्थाको प्रतीकका रूपमा रहेको छ। प्राकृतिक विपत्तिबाट जोगिन भूमिदेवताको आराधना गर्ने मान्यता बोकेको यस पर्वको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय सरकार अग्रसर देखिएको छ।

मगर संस्कृति अध्येता तिलक रोका मगरका अनुसार भूमे पर्वको सुरुवात सर्प र मानवबीच भएको कथासँग सम्बन्धित छ। प्राकृतिक प्रकोप रोक्न मगर समुदायले सर्पलाई पूजा गर्न थालेपछि विपत्ति टरेको जनविश्वास रहिआएको छ। यही कथालाई आधार बनाएर जेठ मसान्तदेखि असार १ गतेसम्म भूमे पर्व नाचगान, फूल टिप्ने र बलिपूजाका विविध विधिसहित मनाइन्छ। पर्वको अघिल्लो दिन युवायुवतीको 'नोगोबाङ्गे' समूह पहाडी लेक चढ्छ। रातभर नाचगान, झाम्रे गीत गाएर बिहान फूल टिपेर गाउँ फर्किन्छन्। ती फूल पन्थ्यौली, जलाकी र थानमा अर्पण गरिन्छ। गाउँ फर्किंदा फूल माग्ने युवालाई स्वागत गर्ने चलनले सामुदायिक मेलमिलाप झल्काउँछ।

असार १ गते थानमा साँढे वा बोका बलि दिने परम्परा अनुसार महिलाहरू घरघरबाट धुलो, टीका र अन्न लिएर बलि दिने जनावर पछ्याउँछन्। यो प्रक्रिया घर–परिवारको अनिष्ट हटाउने प्रतीक

मानिन्छ। थानमा सामूहिक पूजा गरी गाउँको समग्र कल्याणको कामना गरिन्छ।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले "भूमे पर्व भूमेली नागरिकको मौलिक पहिचान भएको बताउनुभएको छ। यसको संरक्षण र प्रवर्द्धन हाम्रो प्रमुख दायित्व भएकाले गाउँपालिकाले यसलाई समेटेर नीति, कार्यक्रम र बजेट तय गरिएको बताउनुभयो।"



उपाध्यक्ष सविना बुढा मगरले गाउँपालिका र हरेक वडाले भूमे पर्वलाई दस्तावेजीकरण गर्ने अभियान सुरु भएको जानकारी बताउनुभयो। "विगतको वर्षदेखि गाउँपालिकाले वडास्तरमा समन्वय गरी पर्वको सम्पूर्ण गतिविधि दृश्य दस्तावेजमा उतार्ने कार्य सुरु गरेको बताउनु भएको छ। वडा नं. ३ का अध्यक्ष प्रशुराम बुढा मगरले भूमे पर्वलाई सामूहिक ज्ञान र संस्कारको स्रोतका रूपमा व्याख्या गर्नु भएको छ। "यो हाम्रो पहिचान मात्र होइन, पुर्खाको संस्कारको जीवित रूप हो। यसको संरक्षण साझा जिम्मेवारी रहेको बताउनुभयो।



स्थानीय युवा राजन पुन मगरले युवाहरूले पर्वलाई नयाँ पुस्तामा पुऱ्याउन वृत्तचित्र निर्माणमा स्थानीय सरकार लाग्दा पुस्ता हस्तान्तरणमा अग्रसर रहेको बताएका छन्। "भूमे पर्व केवल उत्सव होइन, जीवनशैली, परम्परा र आस्थाको समग्र प्रतिनिधित्व रहेको उनले बताएका छन्। भूमे पर्व सामाजिक, सांस्कृतिक र आध्यात्मिक एकताको समष्टिगत प्रतीक हो। भूमे गाउँपालिकाले यस पर्वको संरक्षणमा चालेको कदमले स्थानीय सरकारमार्फत संस्कृति जगेर्ना सम्भव हुने देखाएको छ। समयसँगै हराउँदै गएका मौलिक परम्परा पुनर्जागृत गर्न स्थानीय तहको सक्रियता आवश्यक छ भन्ने सन्देश पनि यस पर्वको संरक्षण अभियानले दिएको छ। आधुनिकताबीच मौलिकताको रक्षा गर्ने भूमे गाउँपालिकाको प्रयास अन्य पालिकाका लागि पनि प्रेरणादायी बन्न सक्नेछ।

भूमे साप्ताहिक
खेलकुद ९
वर्ष ६ अङ्क ३९ २०८२ असार ०१
आईतबार

# पाँचौं भूमे कप सुरु युवाको सहभागिताले गाउँमै उत्सवको खेल




❖ *सासाहिक संवाददाता*

रुकुमपूर्वको भूमे गाउँपालिका–४ काँडास्थित ताम्राभूमी रंगशालामा पाँचौं भूमे कप–२०८२ सुरु भएको छ। भूमे गाउँपालिका, वडा नं. ४ र जनज्योति युवा क्लबको सहआयोजनामा प्रतियोगिता सुरु भएको हो। गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले रिबन काटेर प्रतियोगिताको उद्घाटन गर्नुभएको हो। कार्यक्रममा बोल्दै अध्यक्ष श्रेष्ठले यसअघि पालिकाको केन्द्रमा आयोजना हुँदै आएको प्रतियोगिता यसपालि खेलाडीको घरदैलोमै ल्याउन खोजिएको बताउनुभयो। "युवा सहभागिता जहाँ छ, त्यहीं खेल खेलाउने कदम चालिएको बताउनुभएको छ। साथै खेल मर्यादित बनाउन र सफलताको शुभकामना दिनुभएको छ।

यस्तै विषेश अतिथि तथ गाउँपालिका उपाध्यक्ष सबिना बुढामगरले स्थानीय युवाको क्षमता उजागर गर्न खेल प्रभावकारी माध्यम भएको बताउँनु भएको छ।

भलिबल खेलले युवाको नेतृत्व विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। खेलकुदले गाउँमा सकारात्मक सन्देश प्रवाह गर्ने भन्दै वडा नं. ४ का अध्यक्ष स्यामप्रसाद बुढामगरले यस्ता

कार्यक्रमलाई नियमित रूपमा प्रोत्साहन गर्नुपर्ने बताउनुभएको छ। कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति भीमबहादुर खड्काले युवालाई भूमे गाउँपालिकाले खेल प्रति गरेको सम्मान प्रशंसा गर्नुभएको थियो। जनज्योति युवा क्लबका अध्यक्ष विरजङ बुढामगरका अनुसार प्रतियोगिता वडा स्तरमै सीमित गरिएको छ। महिला तथा पुरुष भलिबल, पुरुष फुटबल र लोकदोहोरी प्रतियोगिताका विजेता टोलीलाई नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ। भलिबल महिला,पुरुष पुरस्कार राशी सम्मान रहेको छ। प्रथम, दृतिय र तृतीय हुनेलाई ७० हजार ४५ हजार, ३० हजार, ५ हजार रहेको छ। यस्तै फुटबल तर्फ प्रथम ३० हजार, दोस्रो २० हजार, तेस्रो १० हजार, सान्त्वना ५ हजार रुपैयाँ रहेको छ। यस्तै लोकदोहोरी तर्फ प्रथम १० हजार, दोस्रो ७ हजार, तेस्रोः ५ हजार, सान्त्वना ३ हजार रुपैयाँ रहेको छ। उक्त कार्यक्रममा नौ वटै वडाध्यक्ष,अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष चन्द्र रसाईली, विभन्न राजनिक दल लगायतको उपस्थिति थियो।




# रुकुमपूर्वका पूर्वाधार निर्माणका लागि संघीय सरकारले करिब ३१ करोडको बजेट




रुकुमपूर्वको तीनवटै गाउँपालिकामा पूर्वाधार विकासका लागि संघीय सरकारले करिब ३१ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। प्रतिनिधिसभाका सांसद पूर्णबहादुर घर्तीमगर र कुसुमदेवी थापाको पहलमा १५ वटा योजना शहरी विकास मन्त्रालयबाट छनोट भएका हुन्।

सिस्ने, भूमे र पुथा उत्तरगङ्गा गाउँपालिकामा सडक र झोलुङ्गे पुल प्राथमिकतामा राखेर योजनाहरू छनोट गरिएको छ। भौगोलिक विकटता हटाउँदै कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउने तथा क्षेत्रीय समावेशी विकासमा टेवा पुऱ्याउने लक्ष्यसहित बजेट विनियोजन गरिएको हो। सांसद घर्तीमगरका अनुसार धाउने बगर बालुवा–देउखोला सडकका लागि २५ लाख, पाखापानी–लाम्पाखा झोलुङ्गे पुलमा २ करोड, खारावाङ खोला झोलुङ्गे पुलमा ३ करोड, तल्लो घुरवाङ–नावरवाङ पुलमा १८ लाख, मछैना पुलमा ६ लाख, तमारी–नैमाक्याङ पुलमा ७० लाख र ह्याप्ला खोलाको पुल निर्माणमा ६ लाख विनियोजन गरिएको छ।

यस्तै, सिसाघारी–झुम्लावाङ–राङ्सी–कोल सडकका लागि ६ करोड ५१ लाख, बालुवा–नायगाड–जामा बगर सडकखण्डका लागि ७ करोड, भालुखाप्चे–सिमलचौर–बालुवा शेरा–ढोरपाटन सडकमा ३ करोड, नायगाड–सुद्रीमा ३ करोड, मानम–चारगाउँ–खारावाङ–अर्जल–मैकोट सडकमा ३ करोड बजेट छुट्याइएको छ। त्यस्तै, रतुवामारे–झुम्लावाङ–राङ्सी–कोल सडक, चुन्वाङ–रुकुमकोट सडक, र चुन्वाङ–सिमखोला–महत–खावाङ बगर सडकहरूका लागि समेत समान रूपमा ३/३ करोड विनियोजन गरिएको छ।

सांसद घर्तीमगरले तीनै गाउँपालिकाका आवश्यकता पहिचान गरेर संसद र मन्त्रालयको समन्वयमा योजनाहरू अघि बढाइएको बताउनुभयो। "स्थानीय पूर्वाधार निर्माणलाई केन्द्रमा राखेर बजेट ल्याएका हौं," उहाँले भन्नुभयो। त्यसैगरी सांसद कुसुमदेवी थापाले भौगोलिक कठिनाइका कारण विकासबाट पछाडि परेको रुकुमपूर्वलाई सडक र पुलमार्फत सुगम बनाउनुपर्ने आवश्यकता रहेको उहाँले बतानुभयो। "रुकुमपूर्वको भौगोलिक विकटता नै हामीलाई भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिन बाध्य बनाउँछ," थापाले भन्नुभयो। लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वमा यस्ता पूर्वाधार योजना प्रभावकारी रूपमा कार्यान्वयन भएमा स्थानीय जनताको जीवनस्तरमा ठूला परिवर्तन आउने अपेक्षा गरिएको छ। बजेट पारदर्शी ढंगले कार्यान्वयन गर्न सके दुर्गमता हटाउँदै समावेशी विकास सम्भव हुने विश्वास लिइएको छर।

# भूमे गाउँपालिकाद्वारा असार २ र लुम्बिनी प्रदेशले असार १ गते बिदा

**जयमान बुढा मगर**

रुकुमपूर्व भूमे गाउँपालिकाले भूमे पर्वको अवसर पारी असार २ गते पालिका भित्र सार्वजनिक बिदा दिएको छ। असार २ गते सोमबार भूमे पालिकाभर गाउँपालिकाले सार्वजनिक बिदा दिएको हो। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठद्वारा हस्ताक्षरित सूचना जारी गर्दै पालिकाले असार २ गते सार्वजनिक बिदा दिएको छ।

यसैगरी लुम्बिनी प्रदेश सरकारले आज असार १ गतेका दिन रुकुमपूर्वसँगै रोल्पा, दाङ र प्युठान जिल्लामा सार्वजनिक बिदा दिएको छ। मगर समुदायको बाहुल्यता रहेको गाउँठाउँका विभिन्न जातिले जेठ मसान्त देखि विभिन्न गाउँको चलन अनुसार असारको पहिलो हप्ता सम्म भूमे पर्व धुमधामले मनाउने गरेका हुन्। विधिवत रुपले भूमि पूजा गरी भूमे नाचगान गरी भूमे पर्व हर्षका साथ मनाउने गरिएको हो।

भूमे पर्वकै अवसर पारी भूमे गाउँपालिकाले असार १ गते आइतबार आज देखि भूमे–४ काँडामा विविध खेलकुद प्रतियोगिता आयोजना गरिएको छ। भने असार २ गते भूमे–२ खाबाङ बगरमा सांस्कृतिक महोत्सव र असार ३ गते रोल्पाको थबाङ गाउँपालिका र भूमे गाउँपालिकाको संयुक्त आयोजनामा गुरिल्ला दौड प्रतियोगिता आयोजना गरिएको छ।

# लोकसेवा तयारी विशेष वस्तुगत प्रश्नोत्तर

१ .नेपाल बिमा प्राधिकरणले २०८२ जेठ २३ मा सार्वजनिक गरेको तथ्याङ्क अनुसार हाल बिमामा पहुँच पुगेको जनसङ्ख्या कति छ ?

- ४७प्रतिशत ३९. तथ्याङ्क अनुसार सबै प्रकृतिको बिमालेख गरेर बिमाको पहुँच ४७प्रतिशत कायम भएको छ। ३९.

२ अनुसार हाल नाफामा रहेका सार्वजनिक संस्थान कति छन् २०८२सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा .?

- २८ वटा १५ : नोक्सानमा रहेका), दुई वटाको विवरण प्राप्त नभएको(

३.इन्डियन प्रिमियर लिग (आइपिएल) – २०२५ को उपाधि जित्न सफल टोली कुन हो ?

- रोयल च्यालेन्जर्स बेङ्गलुरु सञ्चालन मिति २२मार्च २०२५सन् :–जुन ३ संस्करण औं १८ :

४.विश्वकै लामो मुक्तिनाथ केबुलकारको लम्बाइ कति रहेको छ ?

- ८१ किमि ०१४.विसं २०८२ जेठ २२ को लगानी बोर्डको बैठकले सो परियोजनाको ५७ अर्ब ६४ करोड लगानी स्वीकृत गरेको।

४.नेपालमै पहिलो पटक ट्रान्सजेन्डर (जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिङ्गसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्ति) को शल्यक्रियामार्फत लिङ्ग परिवर्तन कहिले गरियो ?

- विसं २०८२ जेठ १३ लत्रिवि शिक्षण अस्पता), महाराजगन्ज (महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा अमेरिकी चिकित्सकको सहयोगमा सो अपरेसन गरिएको।

५कमल राष्ट्रिय सुकर्म पुरस्कार २०८१ कसलाई प्रदान गरियो ?

- साहित्यकार मोहन दुवाल (हजार ५० .पुरस्कार राशि रु)

६ पहलमानसिंह स्वाँर नेपाल–भारत अन्तर्राष्ट्रिय साहित्य सम्मेलन तथा दोस्रो प्रादेशिक कविता महोत्सव २०८२ कहिले सम्पन्न भएको हो

- विसं २०८२ जेठ २४–२५, धनगढी (कैलाली)

७.मनोरम पञ्चकुण्ड ताल कहाँ रहेको छ ?

- म्याग्दी

८ सरकारले गैरबैङ्किङ सम्पत्ति व्यवस्थापन गर्न कहिलेसम्ममा.'एसेट म्यानेजमेन्ट कम्पनी' स्थापना गर्ने घोषणा गरेको छ ?

- आव २०८२/२०८२आव ) ८३/८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत(

९ स्वास्थ्य संस्थाको गुणस्तर मापन गर्न बनेको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन अनुसार देशभरकै उत्कृष्ट अस्पताल कुन बनेको छ ?

- भक्तपुर अस्पताल ९विसं २०८२ जेठ।

१० गण्डकी प्रदेश सरकारले आव २०८२र८३ का लागि प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रम कहिले प्रस्तुत ग¥यो ?

- विसं २०८२ जेठ २१

११ नेपाली कराँते स्टार एरिका गुरुङ विश्व वरीयतामा कतिऔं स्थानमा रहन सफल भएकी छन् ?

- २७ औं सन् २०२५ जुन

*प्रस्तुतकर्ता : टङ्क केसी*

# नाम्क : भूमि पूजाको मगर परम्परा

❖ बलबहादुर घर्तीमगर



भूमि पूजाको रौनकले उत्तरी रोल्पा र रुकुमपूर्व यतिखेर उल्लासमय भएकोछ। रुकुमपूर्वको भूमे गाउँपालिकाले यो पर्वलाई पालिकाको गौरबको पर्वको रुपमा मनाउने गर्दछ। यसलाई हरेक बर्ष महोत्सव नै आयोजना गरी भव्य रुपले कार्यक्रम गर्दछ। उत्तरी रोल्पाका थबाङ र सुनछहरी गाउँपालका र रोल्पा नगरपालिकाका केही वडाहरुमा पनि समुदाय स्तरमा यो पर्व भव्य रुपमा मनाइन्छ। यो पर्व उत्तरी रोल्पा र रुकुमपूर्वमा मात्र सीमित नरही पछिल्लो केही बर्षदेखि राष्ट्रिय र अन्तराष्ट्रियकरण भएको छ। त्यस क्षेत्रबाट बसाई सरेर गएका डायस्फोराहरुले काठमाण्डौ, दाङ तथा पोखरा लगायतका नेपालका सहर तथा अमेरिका, जापान, युके, कतार लगायतका विभिन्न देशमा विस्तार गरेका छन्। काठमाण्डौंमा नेपाल मगर संघ नै आयोजक भएर यो पर्व मनाउन थालेको धेरै बर्ष भयो। यसले मगर जातिको पहिचानलाई थप टेवा पुर्याएको छ। यो पर्व मगरहरुको राष्ट्रिय पर्वको रुपमा स्थापित हुँदै जाँदा यसको ऐतिहासिक पाटो उत्खनन् गर्नु पर्ने देखियो। मगर जातिको सांस्कृतिक पहिचानलाई स्थापित गर्न डिक्लोनाइजेशन गर्नुपर्ने समय आयो। यही उदेश्यका निमित्त २०८० जेठ २८ गत्ते मगर प्राज्ञिक परिषद्को आयोजना र नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा काठमाण्डौंमा आयोजित 'नाम्कः भूमि पूजाको मगर परम्परा' नामक पेपर प्रस्तुत गरिएको थियो। सो पेपरको विस्तृत लेख आम पाठकमाझ प्रस्तुत गर्नुपर्ने महसुस भएकोले यो लेख प्रस्तुत गरिएको छ। 'नाम' भनेको भूमि अथवा जमिन हो भने 'क' भनेको कःन्याको छोटो रुप हो। कन्या भनेको थाम्ने भन्ने हुन्छ। नाम र कःन्या मिलेर नाम्क बनेको हो। रोल्पा थबाङ निबासी उदय घर्तीमगरका अनुसार जमिन थाम्ने अनुस्थान नै नाम्क हो। यसलाई नाम्क पूजा, नाम्क राम, नाम्क पर्व लगायत भनिन्छ। नविन रोकामगरका अनुसार यो पर्वलाई खस नेपाली भाषामा भूमे पर्व भनेता पनि खामपाङमा नाम्क, बल्कु, नोकोबाङ्गे भन्ने

गरिन्छ। नाम्कलाई लुगुममा भूमे, काँक्रीमा बल्क, टकसेरामा भूल्कु र निसीखोलामा नाँखाँ भन्ने गरिन्छ। यसलाई नाचकै नाममा पनि नोगोबाङ्गे, ज्यामकरी समेत भन्ने गरिन्छ। यसलाई खस नेपाली मातृभाषीहरुले भूमे र मगर खाम मातृभाषीहरुले भूम्या उच्चारण गर्दछन्। मूल शब्द भने भूमि हो। यो शब्द संस्कृतको 'भू' धातुबाट बनेको स्त्रीलिङ्ग बुझाउने संज्ञा हो। जसको अर्थ जमिन वा धर्ती भन्ने हो। भूमि पूजालाई म्याक्स मुलरले सन् १८७८ को आफ्नो एक प्रस्तुतिमा, 'अनुस्थानका माध्यमले मानव समुदाय र प्रकृतिबीच गहिरो सम्बन्ध निर्माण गर्दछ र

यसले आध्यात्मिकता र पारिस्थितिक आयामहरुलाई अवगत गराउँछ भनेर सैध्दान्तिकीकरण गरेका छन्। प्रकृतिको पूजा गर्ने मगर जाति सूर्य, चन्द्र, धर्ती, मुहान, पर्वत, पत्थर, हावालाई शक्तिको रुपमा मान्ने परम्परा छ। रस्तीबस्ती गर्दा, खेती गर्दा, पशुचौपायाको चरिचरन गर्दा भूमि अशुध्द हुन जाने। भूमि अशुध्द हुँदा प्रकृतिले अलौकिक शक्ति प्रदर्शन गरी ठूलो प्रलय निम्तिने त्यो समयको मानव चेतनाले विश्वास गर्यो। बाढीपहिरो ल्याउने, आँधीबेहरी असिना ल्याउने लोक विश्वास हुन गयो। प्रकृतिको भयंकर रुप विपद्लाई रोकाथाम गर्ने आध्यात्मिक उपायको रुपमा नाम्क पर्वको उदय हुन पुग्यो।

भूम्या राम मगरहरुको ठूलो सामुदायिक पर्व हो भनेर जीवन रोकामगरले आफ्नो रोल्पा रुकुम र बाग्लुङका मगरहरुको भाषा, संस्कृति र साहित्य पुस्तकमा उल्लेख गरेका छन्। यस्तै मिन श्रीसमगरले आफ्नो मगर जातिको चिनारी नामक पुस्तकमा, भूम्या मगरहरुको महत्वपूर्ण चाडहरु मध्ये एक हो भनी उल्लेख गरेका छन्। नविन रोकामगरले भूमि पर्वलाई मगरहरुले आर्थिक वर्षको रुपमा लिने भनेर २०८० मा प्रकाशित भूमे पुस्तकमा उल्लेख गरेका छन्। त्यही पुस्तकमा काँक्रीका मदन रोकामगरले बल्क पूजामा गाउँका युवायुवतीहरु बुकी हिडेपछि भोलिपल्ट बल्क पूजा सम्पन्न नहुञ्जेलसम्म जमिनको बर्ज हुने कुरा उल्लेख गरेका छन्। यस्तै लुगुमका हर्क घर्तीमगरले भूमेलाई गाउँ ठाउँ अनुसार भूमे, नोगोबाङ्गे, भूम्या, बल्क, बुल्कु, बलपूजा, ज्यामकरी, नाम्क भन्ने गरिन्छ भनेका छन्।

देविका घर्तीमगरको थाहाखबरको अनलाइन पेजमा प्रकाशित लेखमा मगर समुदायमा प्राकृतिक प्रकोपहरु नलागोस्, अन्न राम्रो होस्, रोगब्याधी नलागोस् भनी आफू र आफू बसोबास गर्ने भूमिको पूजा गरी यो पर्व मनाइने उल्लेख गरेका छन्। भूमिलाई गाउँ अनुसार फरक फरक पशुको बली दिने चलन रहेको अनिल बुढामगरले उल्लेख गरेका छन्। गोरखापत्रमा प्रकाशित उनको लेखमा भेडा, बाखा, बोका, सुँगुर र भाले लगायतको

पशुपंक्षीको बली दिने चलन रहेको उल्लेख छ। यस्तै मगर संस्कृतिका ज्ञाता बमकुमारी बुढामगरका अनुसार रोल्पा र रुकूमपूर्वका उच्च पहाडी भेगमा भूम्या पर्व मनाईन्छ। खासगरी भेडापालक पहाडतिर उकाल्ने र भेडाहरु बुकीमा छोडेर रमाउने पर्व हो भनेका छन्। डा. विष्णु सिञ्जालीका अनुसार भूमे/भूम्या पूजा पनि पितृ र प्रकृति पूजाको एक रुप हो भनेका छन् साथै राप्ती प्रश्रवण क्षेत्रका मगर गाउँहरुमा यो पूजा गरेपछि सामुहिक नाच हुन्छ। गण्डकी प्रश्रवण क्षेत्रमा यो पूजाआजालाई भूँयार, भयँर, भूम्या/भूमे आदि भनिन्छ। तर भूम्या/भूमे पूजा भूमिको हो भने भूँयार पूजा भूमिपुत्र अर्थात पित्रको पूजा हो। यी दुई पूजाको आधारभूत भिन्नता छन्। भूमि पूजा सम्बन्धी विभिन्न फुटकर विवरणात्मक लेखन कार्य भएको पाइएको छ। यसको ऐतिहासिक, सामाजिक सांस्कृतिक एवम् पर्यावरणीय पाटोमा प्राज्ञिक दृष्टिले पर्याप्त अध्ययन हुन सकेको देखिएको छैन। यसलाई पुरा गर्नका लागि अध्ययनको खाँचो रहेको देखिन्छ।

आदिवासी मगर जातिमा प्रचलित 'नाम्क' को विभिन्न क्षेत्रमा अन्वयषण गर्नुपर्ने समय आएको छ। नाम्क पूजाको इतिहास र उत्पत्तिको तथ्यपरक खोजी गर्नुपर्ने भएको छ। यो पूजाको विभिन्न भौगोलिक क्षेत्रमा रहेको विविधताहरुको उजागर गर्ने, पूजाको सामाजिक सांस्कृतिक आर्थिक पर्यावरणीय र राजनैतिक महत्व पहिल्याउने। योसँग जोडिएका नाच र गीतको बारेमा खोज गर्ने लगायत उदेश्य छन्। साथै तथ्यपरक खोजी मार्फत यसको नाम, मिथक तथा पूजा प्रकृयामा निहित क्लोनाइजेशनलाई डिक्लोनाइज्ड गर्ने रहेको छ।

यस्तै, सांस्कृतिक सम्पदा र परम्पराको संरक्षण, मानवशास्त्रीय अन्तरदृष्टिले नाम्क पर्वमा रहेका संस्था, पद र भूमिका एवम् विश्वास प्रणाली, मूल्य र समुदायको विश्वदृष्टिकोण बुझ्न यो अध्ययन आवश्यक छ। समाजशास्त्रीय सन्दर्भमा नाम्कको सामाजिक सदभाव र सम्बन्ध एवम् व्यक्तिगत र सामुहिक पहिचान बुझ्न नित्तान्त खाँचो छ। ऐतिहासिक निरन्तरता र देखिएका परिवर्तनको प्रवृत्ति पहिल्याउनु पर्ने देखिन्छ। आदिवासीहरुको ज्ञान सेयरिङ गर्न, नीतिमा प्रभाव पार्न सक्ने राजनैतिक तथा सामाजिक सशक्तिकरणका लागि योगदान हुनसक्छ। विभिन्न प्राज्ञिक क्षेत्रका सिध्दान्त विकासमा योगदान गर्न तथा शैक्षिक क्षेत्रमा विषयवस्तु प्रदान गर्न यो अध्ययन महत्वपूर्ण छ। अध्ययनका लागि रोल्पाको थबाङ, रुकुमपूर्वको लुगुम, तकसेरा, काँक्री र बाग्लुङको निसीखोलाको पूजा प्रकृयालाई विस्तृत रुपमा अवलोकन, समूह छलफल, व्यक्तिगत अन्तर्वार्ता तथा भिडियो आर्काइभको समिक्षा गरिएको छ। यस्तै लुगुम, काँक्री, टकसेरा लगायतका गाउँका विभिन्न व्यक्तिहरुसँग अन्तर्वार्ता गरिएको छ।

साथै नाम्कसँग सम्बन्धित मुखपत्र ‘भूमे २०८०’ पुस्तकमा रहेका लेखहरुको समिक्षा गरिएको छ। बाग्लुङ जिल्लाको निसीखोला भलकोटमा तीया बर्षमा मनाइने नाँखाँ पूजाको स्थानीयसँग समिक्षा गरिएको। अध्ययनको निमित्त इथ्नोग्राफिक विधिको अवलम्बन गरिएको छ। तुलनात्मक अध्ययनका लागि थबाङ, लगुम, टकसेरा, काँक्री र निसीखोलाका सूचनाहरु संकलन गरिएको छ। यी बस्तीहरुमा रहेको पूजाको नाम, इतिहास, पूजाको उदेश्य, पूजारी, बली, मिथक लगायतका क्षेत्रमा तुलनात्मक समिक्षा देहाय अनुसार गरिएको छ।

पर्वको स्थानीय भाषामा भनिने मौलिक नामहरु अध्ययन क्षेत्रमा फरक फरक रहेको देखिन्छ। थबाङमा नाम्क, लुगुममा भूमे, टकसेरामा बल्क र निसीखोलामा नाँखाँ भनिन्छ। यी नामहरु भूमि पूजाकै स्थानीयकृत नाम हुन्। यसमा निसीखोलाको नाँखाँ पूजा गाउँ पूजा भन्ने हो। बाँकी ४ वटा गाउँको भने भूमि कै पूजा भन्ने हो। काँक्रीमा बली दिने कार्यबाट बल र पछि मगर खाम भाषामा बल्क हुन गएको देखिन्छ। यस्तै भूल्कू पनि बलबाट नै मगर खामकृत भएको हुन सक्ने देखिन्छ। भूमे भने भूमि कै स्थानीयकृत नाम हो। यसमा नाम्कमा प्राचीनता तथा मौलिकता भेटिएको छ। नाम मगर खामको जमिन वा भूमि बुझाउने शब्द हो। साथै कः बाट आएको कःन्याले जमिन तथा भूमि थाम्ने भन्ने हुन्छ। यो एक परिभाषित मगर खामको शब्द रहेको देखियो। यो शब्द भूमिलाई नै नाम्क भनियो वा नाम्कलाई भूमि भनियो भन्ने हेर्दा पुराना मानिसहरुले नाम्क र नयाँ युवाहरुले भूम्या/भूमे भन्ने गरेको पाइएकोले नाम्क प्राचीन र मगर मौलिकता बोकेको शब्द हो भन्न सकिने आधार देखिन्छ।

बाढीपहिरो रोगब्याधी रोकथाम, सुबकालनौग्रह, बाढीपहिरो रोकथाम, चोटपटक राम्रो सालसमय, अन्न सपार्नु, बाघ, चोरी, झगडा नपार्नु बाढीपहिरो, अनिकाल, दुख कष्ट रोकथाम, प्राणी जगतमा सुख शान्ति प्राप्त गर्नुबाढी पहिरो असिना नपरोस्। गाउँमा रोगव्याधीबाट जोगिनु बाढीपहिरो रोकथाम, रोगव्याधी भगाउने, अनधन सम्पूर्ण पुरा रहोस् भन्ने कामना गर्नु पूजाको मुख्य उदेश्य सबै बस्तीहरुको मिल्दोजुल्दो देखिन्छ।

बाढीपहिरो, रोगव्याधी सुबकाल, राम्रो सालसमय रहोस् भन्ने उदेश्य सबैमा रहेको देखियो। यसले स्थानीय विविधता रहे पनि उदेश्यमा सबैको प्राकृतिक विपद नपरोस् भन्ने नै छ। त्यसैले प्रकृतिको शक्तिलाई अनुस्थानका माध्यमबाट क्षतिको न्युनिकरण गर्ने उपाय हो भन्न सकिन्छ। पूजा हुने समय विक्रम संवतको पात्रोलाई आधार मानिएको छ। यसमा काँक्रीको बैसाख पूर्णिमामा शुरु भै जेठ मसान्तको दिन पूजा हुने भएकोले आंशिक मौलिकता अझै बचेको देखिन्छ। नेपालमा विक्रम संवतको पात्रो सरकारी

तहबाट विक्रम संवत १९५८ सालमा भीमशम्सेरको पालादेखि मात्र शुरु भएको हो। भूमि पूजाको चलन त्यो भन्दा धेरै पहिल्यैदेखि रही आएको देखिएकोले संकरातीको दिनलाई पूजा गर्ने दिनको रुपमा तोक्ने कार्य केही दशक मात्र भएको हुन सक्ने देखिन्छ। यस भन्दा अघि भूमि पूजाको साइत स्थानीय फल, फूल तथा ऋतुको कारण देखिने स्थानीय परिवर्तन र सूर्य उदाउने डाँडा तथा चन्द्रमाको आकारका आधारमा स्थानीयहरुबाट नै तय हुने गर्थ्यो। पूजा हुने समयका सम्बन्धमा विक्रम संवतले क्लोनाज्ड गरेको देखिन्छ। थबाङ र काँक्रीमा पूजारी विरासतमा आधारित छ। पूजारी खलकहरु स्पष्ट छन्। पूजारीको शेषपछि उनका सन्तान नै पूजारी हुने परम्परा छ। लुगुममा सिर्पाली कामी खलकको पूजारी विरासत रहेको छ। मार हान्ने र डोर्याउने भूमिकाका लागि राशी हेरेर तय गरिन्छ। लुगुममा ओतन पूजा भने दल्लामी पोनहरुले विरासतका आधारमा गर्छन्। तकसेरामा पनि पूजारी र सहयोगी राशी हेरेर तय हुन्छ। वंशको विरासत लिएर पूजारी हुने थबाङ, काँक्री र निसीखोलाको पूजारी छनौट विधि परम्परागत छ। यस्तै टकसेराको पूजारी र लुगुमको मार हान्ने र डोर्याउने व्यक्ति राशी हेरी छनौट गर्ने प्रकृया विक्रम संवतको पात्रो प्रचलनमा आएपछि शुरु भएको हुन सक्ने देखिन्छ। विक्रमसंवतको अभ्यास भन्दा पहिले शक संवत प्रचलनमा थियो तर त्यो सरकारी तहमा मात्र थियो। आम जनजीवनमा पर्याप्त अभ्यास भैसकेको थिएन। यो संवत इन्डोनेसियाको जाबा टापुबाट शुरु भएको मानिन्छ।

सबै गाउँमा अनुस्थान भूमिकै हुने देखियो। थबाङमा चोखो जमिनलाई भोक दिइन्छ। यस्तै लुगुममा भूमिको प्रतिकात्मक रुप नाग अर्थात सर्पलाई एकहाँसे साँढाको बली दिइन्छ। काँक्री र टकसेरामा पनि साँढा कै बली भूमि थान र ढुंगामाथि बली दिइन्छ। तर शक्तिका हिसाबले फरक फरक शक्तिलाई मान राख्ने प्रचलन देखियो। थबाङमा बराहा, बजु , झाँक्री र झुनुङको धारधूप र धजा अछेता दिएर तथा फूल चढाएर मान राखिन्छ। यस्तै लुगुममा मगरहरुको १२ भाई बराहा, २२ बहिनी बजु, जलाकीका पूर्खा तथा मरेका र जीउदो पित्रका साथै हिन्दु देउताहरु; आकाशका इन्द्र, पतालका नाग, २२ भवानी र १४ भवानीको मान राख्ने कार्य हुन्छ। यसमा धारधूप अछेता र बूकी फूल चढाइन्छ। यस्तै टकसेरामा देवी देउराली, जलाकी र नौबहिनी गुनामेको पूजा हुन्छ। यसमा मौलिकता देखिन्छ। यस्तै निसीखोलामा आफ्नै मौलिक देउताहरु बराहा र झाँक्रीको पूजा हुन्छ। थबाङमा बोकाको बली दिएपछि मुटु कलेजो टुक्रा टुक्रा बनाई चोखो जमिनलाई चढाइन्छ। लुगुममा पनि छालाघाको चोखो ठाउँमा बली चढाइन्छ। यसले के देखिन्छ भने अनुस्थानमा बली जमिनका निमित्त नै दिइन्छ। ***बाँकी अर्को अङ्कमा***

## भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)

### जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

"हाम्रो भूमे हाम्रो पहिचान : स्थानीय कला संस्कृतिको जगेर्ना हाम्रो अभियान"



## पाँचौं भूमे सांस्कृतिक महोत्सव
## खुल्ला प्रतियोगिता - २०८२

| प्रतियोगिताहरु | पुरस्कार राशी | | | |
|---|---|---|---|---|
| | प्रथम | दोस्रो | तेस्रो | सान्तवना |
| भूमे नाच | १,००,०००/- | ७५,०००/- | ५०,०००/- | ३०,०००/- |
| डोंगे /नचारु | २५,०००/- | १५,०००/- | १०,०००/- | ५,०००/- |
| मयुर नाच | २५,०००/- | १५,०००/- | १०,०००/- | ५,०००/- |
| डिग्रे/ पैसेरु नाच | २५,०००/- | १५,०००/- | १०,०००/- | ५,०००/- |
| फाँक नाच | १०,०००/- | ७,०००/- | ५,०००/- | ३,०००/- |
| झोरेल्नी नाच | १०,०००/- | ७,०००/- | ५,०००/- | ३,०००/- |
| लस्के गित | १०,०००/- | ७,०००/- | ५,०००/- | ३,०००/- |
| सिङ्गारु नाच | १०,०००/- | ७,०००/- | ५,०००/- | ३,०००/- |

असार २ गते खाबाङबगर जाऔ। भूमे साँस्कृतिक महोत्सवमा सँगसँगै रमौं र रमाऔं।।









शर्तहरु:
१) समुह दर्ता मिति २०८२ असार १ गतेभित्र गरिसक्नु पर्नेछ।
२) उद्घाटन समारोह र गोलाप्रथामा उपस्थित नहुने समुहलाई प्रतियोगितामा सहभागी गराईने छैन।

श्री चन्द्र रसाईली ९८६४७१०६२९ श्री तिलक रोका ९८२२९३३६९९ श्री चेतन बुढामगर ९८४४९२८६९१ श्री शिखर विश्वकर्मा ९८६८६२१८०४

"स्वास्थ्यका लागि खेलकुदर, राष्ट्रका लागि खेलकुद"

## पाँचौ भूमे कप-२०८२

| खेल विधाहरू | प्रथम | द्धितीय | तृतीय | सान्त्वना | दर्ता शुल्क |
|---|---|---|---|---|---|
| पुरूष भलिबल | ७०,००० कप मेडल प्रमाण-पत्र | ४५,००० कप मेडल प्रमाण-पत्र | ३०,००० कप मेडल प्रमाण-पत्र | ५,००० प्रमाण- पत्र | रु 1000।- |
| महिला भलिबल | ७०,००० कप मेडल प्रमाण-पत्र | ४५,००० कप मेडल प्रमाण-पत्र | ३०,००० कप मेडल प्रमाण-पत्र | ५,००० प्रमाण-पत्र | |
| फुटबल | ३०,००० कप मेडल प्रमाण-पत्र | २०,००० मेडल प्रमाण-पत्र | १०,००० मेडल प्रमाण-पत्र | ५,००० प्रमाण-पत्र | |
| लोक दोहोरी | १०,००० मेडल प्रमाण-पत्र | ७,००० मेडल प्रमाण-पत्र | ५,००० मेडल प्रमाण-पत्र | | रु 100।- |
| नृत्य | ५,००० मेडल प्रमाण-पत्र | ३,००० मेडल प्रमाण-पत्र | २,००० मेडल प्रमाण-पत्र | | |

१. खेल FIVB कों नियमानुसार खेलाइनेछ, खेल शुद्ध वडा स्तरीय खेलाईनेछ ।
२. खेलमा रुकुम (पूर्वी भाग) जिल्लाका वडाहरू मात्र सहभागी हुन पाउनेछन ।
३. खेलमा सहभागि हुन अनिवार्य सम्बन्धित वडाको सिफारीस चाईनेछ ।
४ खेलाडी अनिवार्य खेल पोशाकमा उपस्थित हुनुपर्नेछ ।
५. प्रत्येक टिममा ९ जना खेलाडी र खेल प्रशिक्षक गरी १० जना हुनुपर्नेछ ।
६. प्रत्येक वडा बाट पुरुष १ टिम र महिला १ टिमले मात्र भाग लिन पाईनेछ ।
७. फुटबल खेलको हकमा 7A साइट खेलाइने छ ।
८. खेल दर्ता मितिः २०८२ जेठ ३१ गते सम्म गरिसक्नु पर्ने छ ।

उद्घाटन मिति: २०८२/०३/०१
स्थान: भूमे ४, काँडा
विस्तृत जानकारीका लागि:
खेल संयोजक: चन्द्र रसाइली-९८६४७१०६२९
विरजङ्ग बुढा मगर - ९८६०३३१७५१
अध्यक्ष-जनज्योती युवा क्लब
आशिक बुढा मगर - ९७६८३०८२६०

सह-आयोजक:
४ नं. वडा कार्यालय काँडा र
श्री जनज्योति युवा क्लब
भूमे-४ काँडा

आयोजक:
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)

## छैटौं संयुक्त गुरिल्ला ट्रेल म्याराथन प्रतियोगिता-२०८२
## 6th Joint GUERRILLA ULTRA TRAIL RACE-2025

17th Jun 2025 (मिति:२०८२/०३/०३ गते)

५५ कि.मि. गुरिल्ला म्याराथन प्रतियोगिता पुरस्कार राशी: (पुरुष र महिला समान)

**55 km Ultra Race Prize (Male & Female Equal)**

| | |
|---|---|
| 1st - Rs. 70,000/- | 6st - Rs. 5,000/- |
| 2nd -Rs. 45,000/- | 7nd - Rs. 5,000/- |
| 3rd -Rs. 25,000/- | 8rd - Rs. 5,000/- |
| 4th -Rs. 15,000/- | 9th - Rs. 5,000/- |
| 5th -Rs. 5,000/- | 10th - Rs. 5,000/- |

साथै कप,मेडल र प्रमाण पत्र समेत प्रदान गरिनेछ ।

- सहभागी नाम दर्ता शुल्क रु.५००/-
- विदेशीका लागि दर्ता शुल्क रु. १,०००/-

नाम दर्ता गर्ने अन्तिम समय: २०८२ असार २ गतेसम्म
स्थान: भूमे गाउँपालिका वडा नं. ६ महत, रुकुम (पूर्व)
खेल समय: २०८२ असार ३ गते बिहान ७ बजे ।

❖ माथि उल्लेखित सबै पुरस्कार राशीमा नियमानुसार कर कट्टी गरिनेछ ।

**55 KM Ultra Race Root:** Start Form Mahat – Naimakeng – Labang - Hulbang – Thorbang - Galchol - Ghamchin - Chilga-Jaljala - Salapchheda - Tharpu - Telkhola Pul-Jantare - Gurashe - Dapka - Porpochheda - Jurbang – Thabang.

**Contact person:**
Shakti Roka: 9745915792
Chetan Budha Magar: 9844928691
Aalok Kumar Shaha: 9840055105
Man kumar Roka Magar: 9766241409

आयोजक:

थवाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

नोटः सम्पूर्ण खेलाडीहरुलाई रु. ५,००,०००/- (पाँच लाख) सम्मको दुर्घटना बिमा उपलब्ध गराइनेछ।